# अर्जुनचौपारी गाउँपालिका

## गाउँ कार्यपालिकाको बैठक

अर्जुनचौपारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अर्जुनचौपारी, स्याङ्जा
गण्डकी प्रदेश, नेपाल
२०७३

बैठक सं. ४६
मितिः २०८२/०६/२४

<u>एजेण्डाहरु:</u>

१. समीक्षा सम्बन्धमा।
२. अर्जुनचौपारी गाउँपालिका खानेपानी मूल दर्ता एवं खानेपानी उपभोक्ता समिति कार्यविधि, २०७९ संसोधन सम्बन्धमा।
३. पोषण कार्यक्रम सम्बन्धमा।
४. महिला स्वास्थ्य स्वयं सेविका सम्मानजनक बिदाई कार्यक्रम सञ्चालन मापदण्ड, २०८२ सम्बन्धमा।
५. मृगौला प्रत्यारोपण गरेका, डाइलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघात भएका बिरामीहरुलाई औषधी उपचार सम्बन्धमा।
६. विविध।

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०८२ साल भदौ २४ र २५ गतेका दिन देशभर भएको "जेन्जी आन्दोलन" नेपालको लोकतान्त्रिक इतिहासमा एक महत्वपूर्ण घटनाको रूपमा रहेको। उक्त आन्दोलनका क्रममा विद्यार्थी, युवा, बुद्धिजीवी, किसान, श्रमिक लगायत विभिन्न वर्गका जनसमूहहरूले देशभर स्वतःस्फूर्त रूपमा सडकमा उत्रिएर पारदर्शी शासन, सुशासन, रोजगारी र उत्तरदायित्वपूर्ण नेतृत्वको माग गरी गरिएको आन्दोलनको क्रममा केही स्थानहरूमा सुरक्षाकर्मी र प्रदर्शनकारीबीचको झडपका कारण केही नागरिकले आफ्नो अमूल्य जीवन गुमाउनुपरेको र कैयौं जना घाइते हुनुपरेको हुँदा, सो दुःखद घटनाप्रति गहिरो दुःख र संवेदना प्रकट गर्दै मृतक आत्माहरूको चिरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिका खानेपानी मूल दर्ता तथा खानेपानी उपभोक्ता समिति कार्यविधि, २०७९ लाई गाउँपालिकाभित्र सञ्चालित तथा दर्ता प्रक्रियामा रहेका सबै खानेपानी उपभोक्ता समितिहरूको कार्य सञ्चालन, दर्ता, पुनःदर्ता, निगरानी तथा अनुगमन कार्यलाई थप व्यवस्थित बनाउन उक्त कार्यविधिको दफा ४, दफा ५ को उपदफा (१), (२) र (६) दफा ८, दफा १० एवम् दफा १२ संशोधन गर्ने सर्वसम्मत निर्णय गरियो।

धन बहादुर गुरुङ
प्रवक्ता

# अर्जुनचौपारी गाउँपालिका

## गाउँ कार्यपालिकाको बैठक

बैठक सं. ४६
मितिः २०८२/०६/२४

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिकाभित्र मातृ—शिशु स्वास्थ्य सुधार, कुपोषण न्यूनीकरण तथा स्वस्थ जीवनशैली प्रवर्द्धन गर्ने उद्देश्यले सञ्चालन हुँदै आएको पोषण कार्यक्रमलाई थप सशक्त, प्रभावकारी र परिणाममुखी बनाई गर्भवती तथा स्तनपान गराइरहेका आमा, शून्यदेखि पाँच वर्षसम्मका बालबालिका, किशोरी र वृद्ध नागरिकलाई लक्षित गर्दै पोषण शिक्षा, पौष्टिक आहार वितरण, तौल तथा स्वास्थ्य परीक्षण, र जनचेतनामूलक अभिमुखीकरण कार्यक्रम सञ्चालन एवम् समुदायस्तरमा पोषण प्रवर्द्धनका गतिविधि विस्तार गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिकाभित्र लामो समयदेखि समुदायस्तरमा निरन्तर स्वास्थ्य सेवा, जनचेतना अभिवृद्धि तथा मातृ-शिशु स्वास्थ्य संरक्षणमा अमूल्य योगदान पुऱ्याउँदै आएका महिला स्वास्थ्य स्वयंसेविकाहरूको योगदानलाई सम्मानपूर्वक बिदाई गर्ने उद्देश्यले "अर्जुनचौपारी महिला स्वास्थ्य स्वयंसेविका सम्मानजनक बिदाई कार्यक्रम सञ्चालन मापदण्ड, २०८२" स्वीकृत गरी कार्यान्वयनमा ल्याउने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिका भित्रका सम्पूर्ण वडाहरूमा मृगौला प्रत्यारोपण गरिएका, नियमित डायलाइसिस गरिरहेका, क्यान्सर रोगबाट पीडित तथा मेरुदण्ड पक्षघात भएका बिरामीहरूको उपचारमा सहयोग पुऱ्याउने उद्देश्यले मृगौला प्रत्यारोपण गरिएका, नियमित डायलाइसिस गरिरहेका, क्यान्सर रोगबाट पीडित तथा मेरुदण्ड पक्षघात भएका बिरामीहरूलाइ औषधि उपचार खर्च शीर्षकबाट मासिक रू. ५,००० (अक्षरुपी पाँच हजार मात्र) का दरले आर्थिक सहायता प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो।

धन बहादुर गुरुङ
प्रमुख

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ (क) माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिकाबाट मिति २०८२/०३/२३ गते अर्जुनचौपारी-रापाकोट-आरुचौर सडक खण्ड र अर्जुनचौपारी-छाप-आग्रीखर्क सडक खण्डमा पर्ने कित्ताहरुको लगतकट्टा गरी रोक्का गर्न पठाईएकोमा जग्गाधनीको माग अनुसार उक्त सडकमा पर्ने क्षेत्रफल बाहेकको जग्गाहरु हक हसन गर्न मालपोत कार्यालयमा पुगेको अवस्थामा लगत

कट्टा भई बाँकी रहेका कित्ताहरू फुकुवा गर्नका लागि मालपोत कार्यालयलाई पत्राचार गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ (ख) माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिका वडा नं. ६, भोर्ले निवासी तिल प्रसाद काफ्लेको गोठमा मिति २०८२/०५/२१ गतेका दिन अचानक आगलागी भई काठ, दाउरा तथा गोठ पूर्णरूपमा नष्ट भएको भनी सम्बन्धित वडा कार्यालको सिफारिस एवम् प्रहरी मुचुल्का प्राप्त भएकोले, उक्त विपद् पीडितलाई गोठ मर्मतका लागि विपद् व्यवस्थापन कोषबाट रु १५,०००।- (पन्ध्र हजार रुपैयाँ) आर्थिक सहयोग प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ (ग) माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिका वडा नं. ५ निवासी ना.प्र.प.नं. ४२३०५०/१७९ का निरु क्षेत्रीको मिति २०८२/०६/१० गतेका दिन अचानक आगलागी भई काठ, दाउरा तथा गोठ पूर्णरूपमा नष्ट भएको भनी सम्बन्धित वडा कार्यालको सिफारिस एवम् प्रहरी मुचुल्का प्राप्त भएकोले, उक्त विपद् पीडितलाई गोठ मर्मतका लागि विपद् व्यवस्थापन कोषबाट रु १५,०००।- (पन्ध्र हजार रुपैयाँ) आर्थिक सहयोग प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ (घ) माथि छलफल गर्दा आर्थिक वर्ष २०८२/०८३ का लागि अर्जुनचौपारी गाउँपालिकामा सूचिकृत बेरोजगार व्यक्तिहरुलाई पारिश्रमिकमा आधारित सामुदायिक आयोजना तथा कार्यक्रमहरूमा सहभागिता गराउने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ (ङ) माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिका भित्रका सूचिकृत आमा समूह एवम् कृषक समूहहरुलाई उनिहरुको माग र आवश्यकता अनुसार विउविजन तथा विभिन्न कृषि सामाग्रीहरु ५० प्रतिशत अनुदानमा आमा समूह/युवा क्लब/बाल क्लब/जेष्ठ नगारिक समूह शीर्षकबाट खरिद गरी वितरण गर्ने सर्वसम्मत निर्णय गरियो।

# अर्जुनचौपारी गाउँपालिका

## गाउँ कार्यपालिकाको बैठक

बैठक सं. ४६
मितिः २०८२/०६/२४

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ (च) माथि छलफल गर्दा ठेक्का नं. ACRM/NCB/RD/11/81/82 अन्तर्गतको हिले-दरौं मोटरबाटो स्तरोन्नति कार्यका लागि ठेक्काको म्याद मिति २०८२ पौष मसान्तसम्म रहेकोमा निरन्तरको भीषण वर्षाका कारण तोकिएको समयभित्र निर्माण कार्य सम्पन्न गर्न असम्भव भएको भनी ठेकेदार एस.एस. बिल्डर्सले यस कार्यालयमा म्याद थपको लागि निवेदन दर्ता गराएको हुँदा सो अनुरूप आवश्यक सम्पूर्ण प्रक्रिया पूरा गरी निर्माण कार्य सम्पन्न गर्न मिति २०८२ मंसिर १५ गतेसम्म म्याद थप गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ (छ) माथि छलफल गर्दा गाउँपालिकाभित्रका विद्यार्थी, युवा र समुदायका सदस्यहरूमा सकारात्मक सोच, सामाजिक उत्तरदायित्व, नेतृत्व क्षमता, सिर्जनशीलता र रूपान्तरणकारी व्यवहार विकास गर्ने उद्देश्यका साथ तयार गरिएको "Change Maker's Club सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२" स्वीकृत गरी कार्यान्वयनमा ल्याउने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ (ज) माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिका वडा नं. ४ निवासी मकन बहादुर गुरुङ छोरा न.प्र.नं. ४२१०४९/३६४ का रोशन गुरुङ घाँस काट्ने क्रममा रुखबाट लडी गम्भिर घाईते भएको साथै निजको परिवारको आर्थिक अवस्था कमजोर रहेको हुँदा निजको उपचारको लागि शैक्षिक संस्था, गैर सरकारी संस्था, धार्मिक तथा सांस्कृतिक र अन्य सहायता सम्बन्धी कार्यविधि, २०७६ बमोजिम अन्य सामाजिक सहायता शीर्षकबाट रु २० हजार आर्थिक सहयोग प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ (झ) माथि छलफल गर्दा आर्थिक वर्ष २०८१/०८२ मा संघीय सरकारबाट प्राप्त स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम अन्तर्गत सिस्नेपानी आधारभूत स्वास्थ्य केन्द्र निर्माणका लागि रु ३८,८३,००० विनियोजन भएकोमा पालिकाले रु ५२,४१,७९७.०५ को लागत अनुमान तयार गरी बोलपत्र मार्फत रु ४७,४६,९६१.७७ मा ठेक्का सम्झौता गरेको र सो वर्षमा प्रथम रनिङ

बिलमार्फत रु २०,५५,४३५ भुक्तानी भएको र हाल निर्माण कार्य सम्पन्न भइसकेको हुँदा भुक्तानी दिन बाँकी रहेको बजेट स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसँग माग गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ (ज) माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिका भित्र सञ्चालित सामुदायिक विद्यालयहरूको वार्षिक उत्सव तथा अभिभावक दिवसको अवसरमा विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको शैक्षिक, अतिरिक्त क्रियाकलाप तथा अनुशासनतर्फ उत्कृष्ट उपलब्धिलाई प्रोत्साहन गर्ने उद्देश्यले प्रत्येक विद्यालयबाट छनौट गरिएका ४ (चार) जना विद्यार्थीलाई प्रति विद्यार्थी कर बाहेक रु. १०००/- का दरले प्रोत्साहन रकम प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो।

धन बहादुर गुरुङ
प्रवक्ता


धन बहादुर गुरुङ
प्रवक्ता